# मानमिन समाचार

अंक ३३  सेप्टेम्बर ३०, २०१८

# परमेश्वरको प्रेम र शक्तिको भरपूरी !

## २०१८ मानमिन समर रिट्रिटमा २५ देशका मानिसहरूको सहभागिता




२०१८ मानमिन समर रिट्रिट, अगष्ट ६ देखि ८ सम्म ग्योनबुक प्रान्तको मुजुमा रहेको दचोगुसन रिसोर्टमा आयोजना गरिएको थियो। यसमा २५ वटा देशहरूबाट आउनु भएका बिशप, पास्टर र विश्वासीहरूले सहभागिता जनाउनुभएको थियो र यसलाई जीसीएन मार्फत् अंग्रेजी, चिनियाँ, जापानी, रूसी, स्पेनिश, फ्रेन्च, थाई, जर्मनी, मंगोलियन, र भियतनामी गरी १० वटा भाषाहरूमा प्रत्यक्ष प्रसारण गरिएको थियो । साथै, बहिरा सदस्यहरूलाई ध्यानमा राखी यसलाई आठवटा सांकेतिक भाषाहरू (कोरियन, अंग्रेजी, मलेसियन, थाई, ल्याटभियन, डेनिस, जर्मनी, र चिनियाँ) मा समेत अनुवाद गरिएको थियो ।

विगतमा जस्तै यस वर्ष पनि, गाइने किराहरू आउनुभई चर्चका सदस्यहरूका औंला र शरीरहरूमा बस्नुभयो । अत्याधिक गर्मीको कारण देशभर तातो हावा बहने सूचना जारी गरिएको भएतापनि, कार्यक्रम स्थल जम्पिङ्ग पार्कमा भने चीसो बतास, झरी र बादलको कारण कार्यक्रम अवधिभर त्यहाँको तापक्रम २३ र २६ डिग्री सेल्सियस रहिरह्यो । यस्तो उदेकको चिन्हद्वारा, सहभागीहरूले परमेश्वरको प्रेम र अनुग्रहलाई गहिराइदेखि महसुस गर्नुभयो, जसले गोशेन प्रदेशमा इस्राएलीहरूलाई सुरक्षा दिनुभएझैं सधैंभरि उहाँहरूलाई सुरक्षा दिँदै आइरहनु भएको छ ।

> सेमिनारः "उत्तरहरू प्राप्त गर्ने साँचोहरूः भलाइ, विश्वास र आज्ञाकारिता" शीर्षकमा सन्देश दिइएको थियो र चङ्गाइका कार्यहरू प्रकट भएका थिए ।

रिट्रिटको पहिलो रातमा पास्टर एसोसिएशनका अध्यक्ष रेभ. सुजिन लिले, यूहन्ना ४:२४ मा आधारित रहनुभई "आत्मिक राज्य" शीर्षकमा सन्देश दिनु भएको थियो । उहाँले आत्मिक राज्यलाई भलाइ, प्रेम, र सत्यताले भरिपूर्ण क्षेत्रका साथै परमेश्वरले चाहनु भएका कुराहरू पूरा हुने क्षेत्रको रूपमा व्याख्या गर्नुभयो । त्यस पश्चात्, उहाँले आत्मिक राज्य खोल्ने र परमेश्वरबाट उत्तर तथा आशिष्हरू प्राप्त गर्ने तीनवटा साँचोहरूः 'भलाइ', 'विश्वास', र 'परमेश्वरको जनप्रतिको आज्ञाकारिता' बारे बताउनुभयो ।

सन्देशपछि, उहाँले प्रशंसाका गीतहरू चढाउँदै प्रार्थनामा अगुवाई गर्नुभयो र सिनियर पास्टर डा. जेरक लीले प्रार्थना गरिदिनुभएको रूमालका (प्रेरित १९:११-१२) साथ उहाँले मञ्चबाट बिरामीहरूका निम्ति प्रार्थना गरिदिनुभयो । मञ्चको अगिल्तिर, प्रार्थना केन्द्रको अध्यक्ष, श्रीमती बुक्निम ली; कला प्रस्तुति समूहका अध्यक्ष, पास्टर हिजिन ली; वर्ल्ड गाइडेन्स पास्टर, रेभ. हिसन ली र यूनाइटेड होलिनेस चर्च अफ जीजस क्राइस्ट, अफ्रिकाका अध्यक्ष रेभ. म्योङ्गहो चङ्गले बिरामीको रूपमा आफ्नो नाउँ दर्ता गराउनु भएका सहभागीहरूमाथि रूमालका साथ प्रार्थना गर्नु भएको थियो ।

प्रार्थनापछि, थुप्रै व्यक्तिहरूले फोक्सोको क्यान्सर, पक्षाघातको कारण भएको स्नायू सम्बन्धी समस्याहरू, छाला सम्बन्धी रोगहरू, क्षयरोग, अर्धाङ्गवात (आधा शरीर नचल्ने), बोल्नमा भएको समस्या, स्नायूरज्जु (लिगामेन्ट) मा भएको समस्याबाट चङ्गाइ पाउनुका साथै मानसिक विद्रूलता र डिप्रेसन जस्ता मानसिक समस्याहरूबाट समेत छुटकारा पाउनु भएको थियो । धेरै जनाको दृष्टि शक्ति र श्रवण शक्तिमा सुधार भएको थियो । रिट्रिटमा भाग लिन आउनु भएका ६ वटा देशका २८ जना बहिरा सदस्यहरूमध्ये २४ जनाले उहाँहरूका कानहरू खुलेको र सुन्ने क्षमतामा सुधार भएको अनुभव गर्नुभयो । हड्डीको क्यान्सरबाट पीडित एक बहिरो सदस्यले पवित्र आत्माको आगोद्वारा चङ्गाइ पाएको गवाही दिनुभयो ।

यसको अतिरिक्त, संसारभर जीसीएन र इन्टरनेटको माध्यमद्वारा सहभागिता जनाउनु भएकाहरू माझ समय र दूरीलाई माथ गदै चङ्गाइका कार्यहरू प्रकट भए । स्पेनबाट यूट्युबमार्फत् जीसीएन लाइभ प्रसारणमा सहभागी बन्नुभएकी बहिनी यूभेनी ग्याब्रिएलले रिंगटा लाग्ने, टाउको दुख्ने र बान्ता हुने समस्याबाट चङ्गाइ पाउनुभयो र भारतको दिल्लीमा हुनुभएका सदस्यहरूले जीसीएनको प्रत्यक्ष प्रसारण सेवा मार्फत् हिँडाइमा भएको समस्या, मृगौलाको पत्थरी र सबै प्रकारका पीडाहरूबाट चङ्गाइ प्राप्त गर्नुभयो ।

# स्वर्गबाटको बुद्धि शुद्ध हुन्छ

"तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ । शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्" (याकूब ३:१७-१८) ।



डा. जेरक ली
सिनियर पास्टर मानमिन केन्द्रीय चर्च

- अध्यक्ष, यूनाइटेड होलिनेस चर्च अफ जीजस क्राइस्ट
- स्थायी अध्यक्ष, विश्व इसाई जागृती मिशन संगठन
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, ग्लोबल क्रिश्चियन नेटवर्क (जी.सी.एन)
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, विश्व इसाई चिकित्सकीय सञ्जाल (डब्लू.सी.डी.एन्)
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, मानमिन अन्तर्राष्ट्रिय सेमिनारी (एम.आई.एस)
- संस्थापक तथा संचालक समितिका अध्यक्ष, द एलाइन्स होलिनेस थियोलोजीकल सेमिनारी
- सेवकाइमा विद्यावारिधी र ईश्वरशास्त्रमा सम्मानार्थ विद्यावारिधी
- उहाँका वचनहरू फार ईष्ट प्रसारण कम्पनी र एशिया प्रसारण केन्द्रबाट प्रसारण भएका छन् ।
- उहाँले संयुक्त राज्य अमेरिकाको न्यूयोर्क शहर, वासिङ्गटन डि.सि., वाल्टीमोर, मेरील्याण्ड, लस एन्जलस् र हवाई; जापान; भारत; पाकिस्तान; फिलिपिन्स; अर्जेन्टिना; होण्डुरस्, पेरु; रुस; जर्मनी; केन्या; तान्जेनिया; यूगाण्डा; प्रजाताान्त्रिक गणतन्त्र कङ्गो; इस्राएलको यरूशलेम; र एस्तोनियामा समुद्र पारका क्रूसेडहरू आयोजना गर्नु भएको छ ।

तपाईंहरू हरेकले कुनै न कुनै थोकलाई मूल्यवान ठान्नुभएको हुन सक्छ । स्वास्थ्य, दीर्घायु, सम्मान, अधिकार, धन-सम्पत्ति, महिमा, ज्ञान वा बुद्धि तपाईंलाई मूल्यवान् लाग्न सक्छ । यी मध्ये सबै भन्दा बहुमूल्यचाहिँ के हो त ?

जीवनको बारेमा बुद्धि र अर्ती प्रदान गर्ने हितोपदेशको पुस्तकमा बुद्धिको महत्व बारे उल्लेख गरिएको छ । उदाहरणको लागि हितोपदेश ३:१३-१४ ले भन्दछ, "धन्य हो त्यो मानिस जसले बुद्धि प्राप्त गर्छ, र समझशक्ति हासिल गर्छ, किनभने बुद्धि चाँदीभन्दा धेरै लाभदायक हुन्छ र त्यसले सुनले भन्दा बढी फाइदा दिन्छ ।" त्यसपछिका पदहरू १७ र १८ मा यस्तो लेखिएको छ, "बुद्धिको दाहिने हातमा दीर्घायु, र त्यसको देब्रे हातमा धन र सम्मान हुन्छन् । त्यसका मार्गहरू आनन्ददायक हुन्छन्, र त्यसका सबै बाटोहरू शान्तिका हुन्छन् ।" त्यसकारण हितोपदेश ४:७ ले भन्दछ, "बुद्धि अति श्रेष्ठ हो, त्यसैले बुद्धि प्राप्त गर् ...।" साथै १ कोरिन्थी १:२५ ले पनि परमेश्वरको बुद्धिबारे यसरी उल्लेख गरेको छ, "किनभने परमेश्वरको मूर्खता मानिसहरूको बुद्धिभन्दा श्रेष्ठ छ, र परमेश्वरको दुर्बलता मानिसहरूको बलभन्दा शक्तिशाली छ ।"

बुद्धि कसरी प्राप्त गर्ने भन्ने सन्दर्भमा १ कोरिन्थी ३:१८-२० ले यसो भन्दछ, "कसैले आफैलाई धोका नदेओस् । तिमीहरूमध्ये कसैले यस युगमा आफैलाई बुद्धिमान् सम्झन्छ भने त्यो मूर्ख बनोस्, ताकि त्यो बुद्धिमान् बन्न सकोस् । किनकि संसारको बुद्धि परमेश्वरको सामु मूर्खता हो । किनकि लेखिएको छ, 'उहाँले बुद्धिमान्हरूलाई तिनीहरूको धूर्ततामा पक्रनुहुन्छ' र फेरि, 'बुद्धिमान्हरूका विचार व्यर्थ हुन् भनी परमप्रभु जान्नुहुन्छ ।'"

संसारका मानिसहरू दुष्ट र धूर्त योजनाहरूलाई 'बुद्धि' ठान्दछन्, तर ती बुद्धि होइनन् । यदि कसैले त्यस्ता दुष्ट योजनाहरू प्रयोग गर्दछ भने, भलाइको परमेश्वरले उसलाई सुरक्षा दिन सक्नुहुन्न । तसर्थ, उसले दुष्ट योजनाहरूद्वारा क्षणिक रूपमा थुप्रै कुराहरू हासिल गरेतापनि, एकदिन ती सबै हराएर जानेछन् । यसको विपरीत, यदि तपाईं भलाइको परमेश्वरबाट बुद्धि प्राप्त गर्नुहुन्छ भने, सबै कुरामा तपाईंले समृद्धि हासिल गर्नुहुनेछ र परमेश्वरबाट प्रेम प्राप्त गर्नुभई घर, विद्यालय र कार्यस्थल सबै ठाउँमा तपाईंले उहाँलाई महिमा दिनुहुनेछ ।

## १. स्वर्गबाटको बुद्धि

याकूब ३:१७ को पहिलो खण्डले भन्दछ, "तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ ।" यहाँ 'स्वर्गबाटको बुद्धि' ले परमेश्वरको बुद्धिलाई जनाउँदछ । हितोपदेश ९:१० ले भन्दछ, "परमप्रभुको भय मान्नु नै बुद्धिको सुरुआत हो..." र हितोपदेश १६:६ मा लेखिएको छ, "...परमप्रभुको भयद्वारा मानिस खराबीदेखि अलग रहन्छ ।" 'भलाइको परमेश्वरको भय मानी खराबीदेखि अलग रहनु,' नै परमेश्वरबाट बुद्धि प्राप्त गर्ने उपाय हो ।

येशू, जो आफैमा भलाइ, प्रेम र सत्य हुनुहुन्थ्यो, उहाँले पनि परमेश्वरको बुद्धिमा मात्र बोल्नुभयो र सो अनुसार नै गर्नुभयो । लूका १० अध्यायमा व्यवस्थाका एक जना पण्डितले येशूको परीक्षा गर्नका लागि उहाँसित यसो भनी प्रश्न गरे, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ ?" उहाँले तिनलाई भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढ्यौ ?" तिनले भने, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर् ।" येशूले बुद्धिमत्तापूर्वक तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ । त्यसै गर, र तिमी जिउनेछौ ।"

आफूलाई अझ बढी धार्मिक देखाउने इच्छा गरेर तिनले फेरि येशूसित यसो भनी प्रश्न गरे, "मेरो छिमेकीचाहिँ को हो त ?" तिनको कुरा सुनेर येशू दु:खित हुनुभएन, तर तिनमा प्रेमको कमी भएको कुरालाई महसुस गर्नुभई असल सामरीको दृष्टान्त मार्फत् तिनलाई बुझाउने प्रयास गर्नुभयो । उहाँले भन्नुभयो, "एक जना मानिसलाई डाँकूहरूले फेला पारी पिटेर अधमरो पारी छोडेर गयो । त्यही बाटो भएर गइरहेको पूजाहारीले त्यस अधमरो व्यक्तिलाई देख्यो तर ऊ अर्कोपट्टि तर्केर गयो र लेवीले पनि त्यसै गऱ्यो । तर सामरीले भने ऊप्रति दया देखायो र उसको हेरचाह गऱ्यो । अब यी तिनमध्ये कोचाहिँ उसको छिमेकी हो त ?"

त्यो समयमा, यहूदीहरूले सामरीहरूलाई हेलाको दृष्टिले हेर्दथे, किनभने तिनीहरू अन्यजातिहरूसित विवाह गर्ने गर्दथे । तर ती पण्डितले येशूको प्रश्नको उत्तर नदिई रहन सकेनन् र तिनले "त्यस मानिसमाथि दया देखाउने" व्यक्ति भनी उत्तर दिए । तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर ।" उहाँले तिनमा भएको प्रेमको कमीलाई औंलाउनु भएन, तर दृष्टान्तको माध्यमद्वारा तिनलाई बुझाउनुभयो ।

यदि पर्याप्त भलाइ नभएको व्यक्तिमाथि यस्तो अवस्था आइपर्ने हो भने, उसले ती पण्डितमा भएको प्रेमको कमीलाई औंल्याई तिनलाई लाजमा पार्न सक्थ्यो, वा तिनको कमजोरीलाई नऔंल्याएतापनि तिनको खराब नियत बुझी तिनलाई व्यंग्य गर्न सक्थ्यो । यद्यपि, येशूमा जस्तै भलाइको बुद्धि भएकाहरूले, अरूलाई बेवास्ता गर्न वा अरूको भावनालाई चोट पुऱ्याउन सक्नुहुन्न । त्यो मानिस आफैले नै बुझ्न सकोस् भनी उहाँहरूले उसलाई सहयोग गर्नुहुनेछ । यौ नै परमेश्वरबाटको बुद्धि र भलाइको बुद्धि हो ।

## २. शुद्ध हृदयबाट आउने भलाइको बुद्धि

परमेश्वर ज्योति र भलाइ हुनुहुन्छ । पाप र दुष्टता त्यागि हामी ज्योतिमा हिँड्छौं र पवित्र बन्छौं भने, हामीले अझ बढी पवित्र आत्माको अगुवाइ प्राप्त गर्नेछौं र माथिबाटको बुद्धि प्राप्त गर्न सक्नेछौं । परमेश्वरबाटको बुद्धि प्राप्त गर्नु र आत्माको अगुवाइ प्राप्त गर्नुबीच समानता छ । जब तपाईं दुष्टता त्याग्नुहुन्छ, तब तपाईंले शुद्ध हृदय धारण गर्न सक्नुहुनेछ र तपाईंमा धेरै भलाइ भएको खण्डमा, तपाईंले अझ विस्तृत र गहन रूपमा बुद्धि प्राप्त गर्न सक्नुहुनेछ ।

परमेश्वरको बुद्धि सधैंभरि भलो हुन्छ । यदि कसैको हृदयमा दुष्टता छ भने, अरूले उसलाई भलाइको बुद्धि बारे बताएतापनि, उसले त्यसलाई पछ्याउन सक्दैन । दुष्टता त्याग्नु भनेको नै बुद्धि प्राप्त गरी त्यसबाट लाभ लिनु हो ।

यदि तपाईंको हृदयमा दुष्टता छैन भने, तपाईंमा अरूको कुरालाई ध्यान दिएर सुन्ने र भलाइको कुरा बोल्ने हृदय हुनेछ । तपाईंले असल, अनुग्रही र सदाचारी शब्दहरू बोल्नुहुनेछ । साथै, तपाईंले भलाइका प्रार्थनाहरू गर्नुहुनेछ र परमेश्वरको हृदय तोड्ने शब्दहरू बोल्नबाट होशियार हुनुहुनेछ ।

वास्तवमा, यस्ता असल र सदाचारी शब्दहरू वा भलाइको प्रार्थना तपाईंको प्रयासबाट मात्र आउँदैन । तपाईंको हृदयमा दुष्टता रहेसम्म, तपाईंले थाहै नपाई ती दुष्टताहरू तपाईंका शब्दहरूमा प्रकट हुन्छन् । यसको विपरीत, यदि तपाईंमा भलाइ छ भने स्वाभाविक रूपमा तपाईंले भलाइको प्रार्थना गर्नुहुनेछ र असल तथा सदाचारी शब्दहरू बोल्नुहुनेछ ।

तपाईंले बोल्दै नबोल्नु भएको वा गर्दै नगर्नु भएको कुनै कुराको निम्ति अरूले तपाईंलाई गलत बुझेका हुन सक्छन् । तपाईंले असल अभिप्रायका साथ केही कुरा भन्नुभएतापनि, त्यसको कारण तपाईं समस्यामा पर्नुभयो वा अरूबाट आलोचना खेप्नुपऱ्यो । यस्तो परिस्थितिमा, सही वा गलत बारे तर्क-वितर्क गर्नु भन्दा सबै कुरा परमेश्वरमा सुम्पनु नै असल हुन्छ । यदि तपाईंले बहाना बनाई रहनुहुन्छ भने, अझ बढी गलत बुझाइको सामना गर्नुपर्ने हुन सक्छ ।

अवश्यपनि, तर्क-वितर्कद्वारा तपाईंले आफ्नो निर्दोषिता प्रमाणित गर्नु होला, तर यसो गर्दा अरूका गल्तीहरू प्रकट हुन सक्छन् । तिनीहरूका गल्तीहरू प्रकट नभएतापनि, आफ्नो गल्ती प्रकट हुने डरले तिनीहरूले तपाईंसित असजिलो महसुस गर्न सक्छन् ।

त्यसकारण, २ तिमोथी २:२३ ले भन्दछ, "तर मूर्ख र बेसमझका सवाल जवाफलाई इन्कार गर- तिमी जान्दछौ यिनीहरूबाट झगडा हुन्छ ।" सवाल जवाफले प्राय: बहस निम्त्याँउदछ, जसले गर्दा

### विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

मानिसहरूबीच शान्ति भङ्ग हुन्छ । मानिसहरू एकअर्काबाट तर्किन्छन् । साँच्चै बुद्धिमान र भलो व्यक्तिले कहिल्यै बहस गनुहुन्न, तर चुपचाप अरूलाई अँगाल्नुहुन्छ । सत्यता प्रकट भई गलत बुझाइ हटेर जाँदा, मानिसहरूको हृदय पग्लिनेछ र तिनीहरूले उहाँहरूलाई अझ बढी भरोसा गर्नेछन् ।

अप्रत्याशित कठिनाइहरू आइपर्दा, यदि तपाई पवित्र आत्माको सहायतामा प्रार्थना गर्नुहुन्छ भने, त्यो आशिषको अवसर बन्नेछ (हितोपदेश ३:६) । यदि तपाई शान्त भई परमेश्वरको इच्छा बुझ्न प्रयास गर्नुहुन्छ भने, तपाईले यसलाई आफूलाई पत्ता लगाउने र परिवर्तन हुने मौकामा परिणत गर्न सक्नुहुनेछ । तपाईमाथि झूटा आरोपहरू लगाइएको भएतापनि, परमेश्वरले तपाईको निदोषिता जान्नुहुन्छ र उपयुक्त समयमा उहाँले तपाईलाई त्यसबाट निकाल्नुहुनेछ । यो नै माथिबाटको शुद्ध बुद्धि हो ।

### ३. भलाइ विनाको बुद्धि व्यर्थ हुन्छ

यदि तपाई अरूको विचार गर्नुहुन्न, सबै कुरा आफ्नै दृष्टिकोणबाट मात्र हेर्नुहुन्छ र गनगन गर्नुहुन्छ भने परमेश्वरको सामु पनि तपाईले त्यसै गर्नुहुनेछ । परमेश्वरको हृदय छुन सक्ने भलाइको प्रार्थना गर्नुपर्छ भन्ने बारे तपाई सचेत हुनुभएतापनि, तपाईमा दुष्टता रहेसम्म, तपाईको प्रार्थनामा दुष्टताहरू देखा पर्न सक्छन् ।

यदि तपाईमा दुष्ट भावनाहरू छन् भने, तपाईले भलाइमा प्रार्थना गर्नु पर्छ भन्ने बुद्धिको वचन सुन्नु भएतापनि, त्यसबाट लाभ भने उठाउन सक्नुहुन्न । सबै कुरामा धन्यवाद दिनुपर्छ भनी सिक्नुभएतापनि, यदि तपाईको हृदयमा द्वेष छ भने, तपाईले धन्यवादको प्रार्थना चढाउन सक्नुहुन्न । विश्वास विना तपाई नकारात्मक शब्दहरू मात्र बोल्नुहुनेछ र प्रार्थनामा अरूलाई दोष दिनुहुनेछ । तसर्थ, तपाईंको प्रार्थनाले परमेश्वरलाई प्रसन्न तुल्याएको छ कि दुःखित तुल्याएको छ अनि तपाईंको प्रार्थना परमेश्वरबाट उत्तरहरू ल्याउने प्रार्थना हो कि होइन भनी तपाईंले जाँचेर हेर्नु पर्दछ । धर्मीहरूको भलाइको प्रार्थनालाई परमेश्वर खुशीसाथ ग्रहण गर्नुहुन्छ र तुरुन्तै उत्तरहरू दिनुहुन्छ (याकूब ५:१६) ।

दाऊदको छोरा अब्शालोम, सुन्दर र चतुर थिए (२ शमूएल १४:२५), तर तिनी दुष्ट भएकोले गर्दा तिनले आफ्नो चलाकी दुष्ट कार्यको निम्ति प्रयोग गरे । तिनी आफ्नो सौतेनी भाइ अमनोनसित एकदमै रिसाएका थिए, किनभने तिनले अब्शालोमकी बहिनी तामारलाई बिगारेका थिए । दाऊदले अमनोनलाई दण्ड नदिनुभएकोले गर्दा तिनले आफ्नो बुबा दाऊदसित पनि असजिलो महसुस गरेका थिए । तिनले आफ्नो रीसलाई तत्कालै प्रकट गरेनन्, तर बदला लिनको लागि उपयुक्त समय पर्खिरहे । दुइ वर्षपछि तिनले ऊन कत्रने उत्सव आयोजना गरे र अमनोनलाई निम्तो दिए । तिनको आदेशमा तिनका नोकरहरूले अमनोनको हत्या गरे र तिनी दाऊददेखि भागे ।

त्यसको केही वर्षपछि दाऊदको हृदय अब्शालोमतिर फर्केको योआबले थाहा पाए र तिनले अब्शालोमलाई यरूशलेममा ल्याए । तर दाऊदले तिनलाई दुई वर्षसम्म आफ्नो अघि पर्न दिनुभएन । तिनले आफू बुबाको निगाहको पात्र नरहेको महसुस गरे र बुबाको विरुद्धमा वैरभाव राख्दै तिनले विद्रोह गर्ने योजना बनाए ।

तिनले आफ्ना योद्धाहरूलाई तालिम दिए र हतियार तथा रथहरू जम्मा गरे । योचाहिँ विद्रोहको निम्ति तिनले तयार पारेका तिनका सेनाहरू थिए । तिनले परिस्थितिलाई आफू अनुकूल बनाए र दाऊदलेभन्दा बढी आफूले प्रजाहरूलाई प्रेम गरेकोझैं देखाए । यस्ता कार्यहरूद्वारा मानिसहरूमाझ तिनको लोकप्रियता बढ्यो र तिनले तिनीहरूको भरोसा जिते (२ शमूएल १५:२-६) ।

अन्ततः अब्शालोमले विद्रोह गरे र दाऊद तुरुन्तै त्यहाँबाट भाग्नुपर्‍यो । अब्शालोमले दाऊदको सल्लाहकार अहीतोपेललाई समेत आफ्नो पक्षमा ल्याउन सफल भए । त्यस समय अहीतोपेलको सल्लाहलाई यतिसम्म कदर गरिन्थ्यो कि त्यसलाई परमेश्वरसँग सोधपूछ गर्नेको जस्तै मानिन्थ्यो (२ शमूएल १६:२३) ।

तर, अन्त्यमा अब्शालोमको विद्रोह असफल भयो । किनभने परमेश्वरले तिनको 'बुद्धि' लाई शून्य तुल्याई दिनुभयो । अहीतोपेलले दाऊदलाई पराजित गर्ने रणनीति प्रस्तुत गरेका थिए, तर अब्शालोमले हूशैको सुझाव माने जसले दाऊदलाई फाइदा पुग्ने रणनीति बनाएका थिए । अब्शालोम चलाख र 'बुद्धिमानी' भएत( पनि परमेश्वरले तिनको निर्णयलाई शून्य तुल्याइ दिनुहुँदा, तिनले विनाशको मार्ग रोजे । यसले कुनै व्यक्ति जतिसुकै बुद्धिमानी र चलाख भएतापनि, यदि त्यो बुद्धि परमेश्वरबाटको शुद्ध बुद्धि होइन भने, त्यो पानीको फोका जस्तै काम नलाग्ने हुँदछ भनी बुझाउँदछ ।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, परमेश्वरको बुद्धिले मानव बुद्धिलाई माथ दिन्छ र यो सांसारिक बुद्धिभन्दा फरक हुन्छ । यो बुद्धि भलाइमा आधारित हुने भएकोले गर्दा, यो बुद्धिलाई महसुस गर्न र महसुस गरेको कुरालाई व्यवहारमा उतार्न तपाई पवित्र हुनुपर्छ । म तपाईंहरूलाई आग्रह गर्दछु कि, तपाईंहरूले बुद्धिको स्रोत हुनुहुने परमेश्वरसित शुद्ध बुद्धि माग्नुभएको होस् र उहाँबाट त्यो पाउनुभएको होस् । यसो गर्नुभएर तपाईंहरू सबै कुराहरूमा समृद्ध हुनुभएको होस् र प्रशस्त फलहरूद्वारा परमेश्वरलाई महिमा दिनुभएको होस् भनी म प्रभुको नाउँमा प्रार्थना गर्दछु ।

## खेलकुद प्रतियोगिता: घामलाई बादलले ढाक्यो र चीसो बतास चली मौसम राम्रो बन्यो




दोस्रो दिनको बिहानीमा, सदस्यहरूले भिडियो मार्फत् सिनियर पास्टर डा. जेरक लीको रेकर्ड गरिएको प्रार्थना ग्रहण गर्नुभएपछि मानमिन खेलकुद प्रतियोगिता शुरु भयो । रातो समूह (पहिलो ग्रेट ग्राण्ड प्यारिस, चाइनिज प्यारिस र ओभरसीज प्यारिस), सेतो समूह (दोस्रो ग्रेट ग्राण्ड प्यारिस), पहेंलो समूह (तेस्रो ग्रेट ग्राण्ड प्यारिस) र निलो समूह (शाखा चर्चहरू) ले डोरी तान्ने, ठूलो बेलुन गुडाउने, १०० मिटर दौड, लामो दूरीको दौड, पन्जा लडाइ र रिले दौड गरी ६ वटा खेलहरूमा १८ वटा स्वर्ण पदकको लागि मैत्रीपूर्ण भावका साथ प्रतिस्पर्धा गर्नुभएको थियो । पहेंलो समूह २०१८ को खेलकुद विजेता बन्नुभयो र एमभीपी (सबैभन्दा मूल्यवान खेलाडी) पुरस्कार पहेंलो समूहबाट लामो दूरीको दौडमा स्वर्ण पदक जित्नुहुने भाइ हङ्कुक ली र बहिनी जिया लीले प्राप्त गर्नुभयो ।

देशभर तातो हावा चल्दा परमेश्वरले प्रतियोगिताभरि घामलाई बादलले ढाकिदिनुभयो र चीसो बतास चल्न दिनुभयो । जम्पिङ्ग पार्कमा तापमान २६ डिग्री सेल्सियस रही रह्यो र सदस्यहरूले ताजगी महसुस गर्नुभयो । प्रभुको प्रेममा उहाँहरू झन् बढी एकताबद्ध हुनुभयो र शान्तपूर्ण प्रतिस्पर्धाद्वारा उहाँहरूको आनन्द झन् वृद्धि भयो । पुरस्कारको निम्ति चिट्ठा हाल्दा उहाँहरूको आनन्द अझै वृद्धि भएको थियो ।







## क्याम्प फायर सहितको स्तुति प्रशंसा: हामीले परमेश्वरमा प्रेम र धन्यवाद चढायौं

दोस्रो रात, रेभ. सुजिन लीले क्याम्प फायरको स्तुति प्रशंसामा अगुवाइ गर्नुभयो । ब्रास एन्सेम्बल, निस्सी अर्केस्ट्राका वाद्य समूह, पावर वर्सिप नृत्य समूह, ग्लोरी वर्सिप नृत्य समूह, साउण्ड अफ लाइट कोरस, कला प्रस्तुति समूहका क्रिष्टल सिङ्गरहरूका प्रस्तुतिहरूले सहभागीहरूलाई उत्साहीत बनाएको थियो ।

पहिलो भागमा, उहाँहरूले पृथ्वीका थोकहरू नभई माथिका अनन्तका कुराहरू हेर्ने आशिष् दिनुहुने परमेश्वरको अनुग्रह र प्रेमको निम्ति धन्यवाद चढाउनुभएको थियो । साथै उहाँहरूले पवित्रताको सुसमाचार प्रचार गर्दा त्यससँगै प्रेम र गोठालोको शक्ति पनि संसारभरि फैलाउने संकल्प गर्नुभयो ।

सुन्दर आतिशबाजीपछि, दोस्रो भाग शुरु भयो । दोस्रो भागमा उहाँहरूले आफूलाई नयाँ यरूशलेममा कल्पना गर्दै, "अनन्तको ठाउँ," "सुन्दर नयाँ यरूशलेम," "जीजस," "महान् इश्वर विचार्छु काम तपाईंको" र "म तपाईंलाई प्रेम गर्दछु, मानमिनका बगालहरू" जस्ता प्रशंसाका गीतहरू गाउनु भयो । एकपटक फेरि उहाँहरूले स्वर्गको सबैभन्दा सुन्दर ठाउँ नयाँ यरूशलेमतिरको लक्ष्यमा हार्दिकतापूर्वक दौडने आफ्नो संकल्पलाई दृढ तुल्याउनु भयो ।




GCN
Global Christian Network
Tel: 82-2-824-7107
www.gcntv.org
webmaster@gcntv.org

MIS
Manmin International Seminary
Tel: 82-2-818-7331
www.manminseminary.org
manminseminary2004@gmail.com

WCDN
World Christian Doctors Network
Tel: 82-2-818-7039
www.wcdn.org
wcdnkorea@gmail.com

Urim Books
Tel: 82-70-8240-2075
www.urimbooks.com
urimbook@hotmail.com